EMBASSY OF NEPAL
23B Mohamed Mazhar Street
Zamalek, Cairo
Arab Republic of Egypt

नेपाली राजदूतावास
कायरो
سفارة نيبال
القاهرة

## प्रेस विज्ञप्ति

लामो समयदेखि लेवनानमा अवैधानिक वसाईमा रहेका ६ जना नेपाली महिला घरेलु कामदारहरुलाई उद्दार गरी लेवनानबाट दुवइ हुँदै एअर अरवीयाको Flight No. G9537 बाट आज वेलुकी ८ बजे काठमांडौ अवतरण हुने गरी नेपाल पठाइएको छ । अवैधानिक रुपमा काम गर्नेहरु नेपाल जान चाहेर पनि सरकारको अध्यागमन कानून उल्लंघन गरे वापतको छानवीन र अन्तिम स्वीकति प्राप्त गरेपछि मात्र लाग्ने जरिवाना तिरी नेपाल फर्कने स्वीकृति प्राप्त हुन्छ । यस्तो पर्खाइमा कुनै फौज्दारी अभियोग (चोरी वा कुटपीट जस्ता) लागेकाको हकमा झनै लामो समय लाग्ने गर्छ । अझै पनि लागेको जरिवाना तिरेर नेपाल जान पाउँ भन्नेहरुको संख्या ठूलो रहेको छ । यो समस्या समाधानमा यो राजदूतावास निरन्तर पहल र सहयोगमा जुटेको व्यहोरा सवैमा जानकारी गराइन्छ । यस अघि २२ फेव्रुअरी, २०१८ मा यस राजदूतावासले लेवनानको अध्यागमन निकाय, नेपालप्रती सदभाव राख्ने लेवनानी समूदाय र एन. आर. एन. नेपालको समन्वय र सहयोगमा ११ जना नेपाली महिला घरेलु कामदारहरुलाई नेपाल फर्काएको व्यहोरा पनि जानकारी गराइन्छ ।

श्री नेपाली राजदूतावास
कायरो, इजिप्ट
११ मार्च, २०१८

नेपाली राजदूतावास
कायरो

Scanned by CamScanner